जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

# २०७३ मंसिर महिनाको विपदसँग सम्बन्धित प्रतिवेदन

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र,
सिन्धुपाल्चोक
२०७३।०९।०४

यस २०७३ साल मंसिर महिनामा सिन्धुपाल्चोक जिल्लामा विपदका घटनाहरु धेरै घटेनन् । वर्षा, सुख्खा, जाडो याम नभएकोले गर्दा त्यसबेला घट्ने खालका घटनाहरु घटेका छैनन् । साथै सवारी दुर्घटनाको सवालमा पनि कुनै ठुलो दुर्घटना घटेका थिएनन् । तर बढ्दो चिसोले जिल्लाको माथिल्लो भेग तथा भुकम्प पिडितहरु सबैभन्दा बढि असर पर्ने देखिन्छ ।

*तालिका 1: मंसिर महिनामा घटेका घटना विवरण*


| क्र.स. | घट्नाको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राकृतिक विपद | ० | |
| २ | आत्महत्या | २ | |
| ३ | हत्या | १ | |
| ४ | आगलागी | २ | |
| ५ | सडक दुर्घटना | २ | |
| ६ | अन्य (भीरबाट खसेर मरेको) | १ | |

साथै मंसिर महिनामा जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक महिनाको पहिलो दिन (१ गते बुधबार) सम्पन्न भएको थियो । उक्त बैठकको निर्णयहरु यस प्रकार रहेका छन्:

१. जिल्ला स्तरीय विपद पूर्वतयारीको लागि DMPC गठन भई जिल्लाको समग्र विपद व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने जिम्मेवारी प्रदान गरिएकोमा जिल्लाको विपद जोखिम न्यूनिकरण रणनीति तयार गरी सोही रणनीति बमोजिम हालसम्म ६० वटा गाविस मा स्थानीय जोखिम न्यूनिकरण व्यवस्थापन योजना तर्जुमा प्रकृया अगाडी बढाईएको छ । हालसम्म ६० वटा गाविस मा भैरहेको कार्यको अनुमोदन गरी थप गाविस मा समेत अन्य सहयोगी संस्थाहरुसँग समन्वय गरी जिल्लाका सम्पूर्ण गाविस एवं न.पा. हरुमा स्थानीय जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।
२. UNDP को तर्फबाट यस जिल्लामा आगामी समयमा सञ्चालन गर्ने CBDMA-II कार्यक्रमका सन्दर्भमा बैठक समक्ष जानकारी भयो ।
३. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) को गोदाम घर निर्माणका लागि उपयुक्त र सुरक्षित स्थान छनौट गरीदिन आग्रह सहितको पत्र श्री गोरख बहादुर गण समक्ष पठाई सकिएको छ । श्री गोरख बहादुर गणको सुरक्षामा रहेन गरी Rub house स्थापना गरी DEOC warehouse का रुपमा प्रयोग गर्ने निर्णय गरियो ।
४. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र DEOC को दैनिक कार्य सञ्चालन र विपद पूर्व तयारीका लागि आवश्यक पर्ने सामाग्रीहरु विभिन्न निकायहरुबाट सहयोग प्राप्त भए अनुसार व्यवस्थित रुपमा भण्डार गरी राख्ने निर्णय गरियो ।
५. जिल्लामा विषयगत सरकारी कार्यालहरु मार्फत सरकारी र गैह्र-सरकारी श्रोत-साधन परिचालन गरी पूर्ननिर्माण र पुनर्स्थापना कार्यहरु सञ्चालन भैरहेका छन् । यसरी सञ्चालित कार्यक्रमहरुको सन्दर्भमा सम्बन्धित विषयगत कार्यालहरुले सरकारी र गैह्र-सरकारी क्षेत्रसँग समन्वय गरी भएका काम कार्वाहीका सन्दर्भमा आगामि DDRC बैठक समक्ष प्रतिवेदन प्रस्तुत गर्ने निर्णय गरियो ।
६. सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय, लामोसाँघुले प्रयोग गरिरहेको पाल २ (दुई) पत्र अमुदन गरियो ।

बढ्दो चिसोलाई मध्यनजर राख्दै जिल्लामा सरकारी तथा गैह्रसरकारी निकायहरुले न्यानो कपडा वितरण, काठ-दाउराको व्यवस्था, चिसोबाट बच्ने उपाहरुसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्न सक्छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउन सकिन्छ:

- चिसोको समयमा न्यानो र बाक्ला लुगाहरु मात्र लगाउने;
- घर तथा गोठहरुमा चिसो नपस्ने गरी बारबेरको व्यवस्था गर्ने;
- हिमपात भईहालेमा घरबाट बाहिर ननिस्कने, यदि निस्कनै परेमा बाक्ला लुगाहरु लगाएर मात्र निस्कने;
- तातो झोल पदार्थ प्रशस्तै पिउने;



## जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

## सवारी दुर्घटनाको विवरण, मंसिर २०७३

| | | | घाईतेको विवरण | | | | मृतकको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | स्थान | मिति र समय | म. | पु. | बा. | जम्मा | म. | पु. | बा. | जम्मा | विवरण | कै. |
| १ | फुल्पिङडाँडा-६ | २०७३।०८।११; ०५:३० | ३ | १ | ० | ४ | ० | ० | ० | ० | आफन्तको पार्टिमा सहभागी भई घरतर्फ आईरहेको बा१३च ६२०४ नं. को बोलेरो पिकअप गाडी आफैँ अनियन्त्रित भई पल्टन जाँदा सडकबाट अ. ५० मि. तल खसि दुर्घटना भएको। उक्त गाडीमा सवार ४ जना यात्रहरु घाईते भई उपचारको लागि धुलिखेल तर्फ लगिएको। गाडी घटनास्थलमै रहेको। चालक फरार रहेको।<br>घाईतेहरुमा: कदमबास १ बस्ने ३३ वर्षकी गणेशदेवी श्रेष्ठ (गम्भीर); कदमबास-१ बस्ने ३८ की यममाया श्रेष्ठ (गम्भिर), फुलपिङडाँडा-६ बस्ने वर्ष ३८ को जानकीदेवी श्रेष्ठ (सामान्य) र ठुलोसिरुवारी-३ बस्ने वर्ष ४५ को गोविन्द श्रेष्ठ (सामान्य)।<br>चालक: ठुलोसिरुवारी-३ बस्ने रविन श्रेष्ठ | |
| २ | गाती-९, अरनिको राजमार्गको बोर्डरल्याण्ड | २०७३।०८।२२; २३:३० | ० | १ | ० | १ | ० | ० | ० | ० | अरनिको राजमार्गको बोर्डरल्याण्ड भन्ने स्थानमा चाकुबाट मध्य-भोटेकोशी हाईड्रोपावर तर्फ आउदै गरेको बा१२च १०४२ नं. को बोलेरो गाडी अनियन्त्रित भई सडकबाट अ. १०० मि. तल खस्दा गाडी चालक जि.सि.पा. घुम्थाङ-७ बस्ने वर्ष २५ को पूर्ण ब. वि.क. घाईते भई उपचारको लागि क्रिस्टान अस्पताल, बाह्रबिसे ल्याएको। टाउको र पेटमा चोट लागेको र अवस्था गम्भिर रहेको। उक्त स्थानमा प्र.ना.नि. को कमाण्डमा ७ जना खटिएको। | |

म महिला

पु पुरुष

बा बालबालिका

## जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
## जिल्ला आपतकालिन कार्यश्चालन केन्द्र
## मङ्सिर घटना विवरण २०७३

| सि. नं. | गाविस/ नपा | समय र मिति | घटना को किसिम | मानविय अवस्था | | | | प्रभावित परिवार | घरको अवस्था | | | | गोठ क्षति | पशुपन्छि क्षति | अनुमानित सम्पति क्षति | विवरण | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृत्यु | घाईते | बेपत्ता | जम्मा | | घर पूर्ण क्षति | घर आंशिक क्षति | जोखिम | जम्मा | | | | | |
| १ | शिखरपुर-८ | २०७३।०८।०८; राती २२:०० | विद्युत सट भई आग लागी | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | बाख्रा-१ मरेको | ७२४००० | भिम रावलको एक तल्ले ढुङ्गा-माटोले बनेको कच्ची घरमा करेन्ट सट भई आगोलागी भएको भन्ने खबर २३:३० बजे जानकारी भए पश्चात ई.प्र.का. मेलम्चिबाट प्र.श.नी. कालुमान दनुवारको कमाण्डमा ७ जना तथा सुरक्षा बेस मेलम्चिबाट स.प्र.ब.ह. विजय प्रकाश शर्माको कमाण्डमा ७ जनाको टोली खटी आगो नियन्त्रण गरेको । रु. 24000, चाँदी ३ तोला ब्रासलेट, धान २० मुरी, कोदो १० मुरी, मकै १५ मुरी, गहुँ ५ मुरी, टिभी-१ थान, लत्ताकपडा गरी ७ लाख बराबरको क्षति भएको । ०१:३० मा आगो नियन्त्रणमा आएको । | जि. आ. का. के. |
| २ | पाङताङ-१ | २०७३।०८।२५ बेलुका १६:०० | आग लागी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ४०००० | बेलुका १६:०० बजेको समयमा जि.सि.पा पाङताङ- १ बस्ने हस्त बहादुर भुजेलको मतानमा चुलोको आगो सल्किन गई आगोलागी हुँदा अन्नपात, पराल गरी अन्दाजी ४०,००० बराबरको क्षति भएको, मानविय तथा चौपया क्षति नभएको। | जि. आ. का. के |

जि.आ.का.के  जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र

स.प्र.व.ह.  सहायक प्रहरी वरिष्ठ हवल्दार

**तयार गर्ने**
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र

**स्वीकृत गर्ने**
अन्तर बहादुर सिलवाल
(का.मु. प्रमुख जिल्ला अधिकारी)